आज मिति २०८०।११।२१ गते सोमबारका दिन विहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को १४ औ बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| श्याम पुर्जा | का.वा. वडाध्यक्ष ( वडा नं ४) | |

अन्य उपस्थिति:

१) रमेश थापा, सूचना प्रविधि अधिकृत

२) प्रेम पराजुली, वरिष्ठ लेखा सहायक

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
फलेखगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**पोखरेबगर म्याग्दी**

**गण्डकी प्रदेश, नेपाल।**

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

कार्यपालिका बैठक मिति : २०८०।११।२१ गते

समय : विहान ११:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।११।१६ गते

<u>मिति २०८०।११।२१ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु</u>

१. पूर्व निर्णयहरुको समीक्षा,
२. प्रशासकीय भवनको लागि जग्गाको निवेदनको सम्बन्धमा,
३. आर्थिक सहयोग/राहत सम्बन्धमा,
४. बहुबर्षिय ठेक्का सम्बन्धमा (पाउद्वार मा.वि., रुप्से झरना, सेकार्कु कुण्ड)
५. नेपाल पर्यटन बोर्डमा साझेदारी सम्बन्धमा (खोपारामा पूर्वाधार निर्माण)
६. जलस्रोत तथा मुहान दर्ता कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा
७. निर्माण व्यवसायी ईजाजत पत्र कार्यविधिको संशोधन सम्बन्धमा
८. व्यवसाय दर्ता/नविकरण कार्यविधिको ससोंधन सम्बन्धमा
९. प्रभा मा.वि.को भुक्तानीको समस्याको सम्बन्धमा,
१०. पालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको माघ महिनाको अनुगमन प्रतिवेदन सम्बन्धमा
११. विविध ।

भारत कुमार पुन
अध्यक्ष

निर्णय नं. १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समिक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयनको चरणमा रहेको पाइयो ।

निर्णय नं. २

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिकाको प्रशासकीय भवनको लागि जग्गा प्राप्तिको लागि मिति २०८०।१०।२९ गते सूचना प्रकाशन गरिएकोमा तपसिलको जग्गाधनीहरुले पेश गरेको सिलबन्दी निवेदन बैठकमा खोलियो । साथै स्थलगत निरिक्षण गरी जग्गाको अवस्था, प्राविधिक र भौगोलिक पक्ष लगायत समग्र पक्षहरुको मूल्याङ्कन तथा छलफल गरी गरी आगामी बैठकमा निर्णय गर्ने ।

तपसिल :

| क्र. स. | नाम थर | कार्यालयको दर्ता नं | जग्गाको व्योहरा/ क्षेत्रफल | प्रति रोपनी कबोल मुल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | तिर्थ बहादुर खड्का, भरत खड्का, गंगा कुमारी खड्का, टेक बहादुर खड्का क्षेत्री | १७८५ | कि.न. ११९, ६५, ११७, १२५, ७१, ७४, ७८, ८३, १२०, ७९,८२, ११८, ८,१०, १७ | १० लाख | गंगा कुमारी खड्काको २ घर टहरालाई ९० लाख । |
| २ | गुरु प्रसाद खत्री | १८१३ | कि.न. ५१ / ०-८-२-० | ८ लाख | |
| ३ | गोपाल बरुवाल | १८०८ | कि.न. १११ / १-६-१-१ | १ करोड ५ लाख | |
| ४ | विर वहादुर खत्री | १८१४ | कि.न. ७५/४-१५-३-२ र कि.न. ४९/२-८-१-१ | १० लाख | |
| ५ | क्षेत्र बहादुर बरुवाल | १८१२ | कि.न. ४/ १८-०-३-२ | ६ लाख | |
| ६ | खिमराज बरुवाल | १८११ | कि.न. १४१, १४२, १४०, १२८ / २२-०-५-८३ | ८ लाख | १ रोपनी निशुल्क उपलब्ध । |

निर्णय नं. ३:

प्रस्ताव नं ३ उपर छलफल गर्दा तपसिलको व्यक्ति/सस्थाहरुलाई आर्थिक सहायता गर्ने ।

क) ५ नं. वडा कार्यालयको चलानी न. ६५२, मिति २०८०।११।२० गतेको पत्रको सिफारिस अनुसार वडा न. ५ शिख निवासी दलविर पुर्जा आगलागिमा परि हात जलेर गण्डकी अस्पतालमा उपचार गराईरहेको र निजको घरको आर्थिक अवस्था कमजोर रहेको भन्ने व्यहोरालाई ध्यानमा राखि रु ३०,०००/- (अक्षेरुपी तीस हजार मात्र) उपलब्ध गराउने ।

ख) मिति २०८०।११।१४ गते राती अन्दाजी १२:०० बजेको समयमा वडा नं ६ गोजे भन्ने स्थानमा श्री जलेश्वर महादेव गुठीको जग्गामा वासस्थान बनाई बसेका पवित्रा रानाको घरमा आगलागी भई घरमा रहेको अन्नपानी, लत्ता कपडा, भाँडाकुँडा र २ गाई समेत नष्ट भएको कारण मिति २०८०।११।१५ गते गाउपालिकामा राहत दिलाई पाउ भन्ने निवेदन उपर गाउँपालिकाले तत्काल उपलब्ध गराइएको राहतको अनुमोदन गर्ने तथा थप रु २५,०००/- (अक्षेरुपी पच्चिस हजार) उपलब्ध गराउने ।

ग) मिति २०८०।११।१५ गते ईन्द्र बहादुर खड्का सहित ११ जना व्यक्तिले खानेपानीको पाइप उपलब्ध गराईदिनुहुन भन्ने गाउपालिकामा पेश भएको निवेदन सम्बन्धमा अंधेरी खोलाबाट अन्नपूर्ण ६ बैसरीमा ल्याईएको खानेपानी पाइप नेपानेको भिरमा आगोलागी भई क्षती भएको कुरा जानकारी प्राप्त भयो ।उक्त सम्बन्धमा प्राविधिकलाई नापजाँच गरी सो अनुसार पाइप खरिद गरी उपलब्ध गराउने ।

निर्णय नं. ४ :

प्रस्ताव नं ४ उपर छलफल गर्दा संघीय समपुरक र विशेष अनुदानमा आ.व. २०८०।८१ बाट ३ बर्षको लागि स्वीकृत भएकोमा तपशिल बमोजिम गर्ने ।

क) पाउद्वार मा.वि.मा पुर्वाधार निर्माणका लागि बहुबर्षिय ठेक्का (३ बर्ष) आह्वान गरी सूचना प्रकाशन गरिएकोमा स्वीकृत गर्ने ।

ख) रुप्से झरनामा पर्यटन पुर्वाधार निर्माण लागि तयार गरिएको डि.पि.आर. स्वीकृत गर्ने । साथै उक्त डि.पि.आर. अनुसार निर्माण गर्न रु ३,६५,००,०००/- बराबरको बहुबर्षिय ठेक्का (३ बर्ष) आह्वान गरी सूचना प्रकाशन गरिएकोमा स्वीकृत गर्ने ।

ग) सेकार्कू कुण्डमा पर्यटन पुर्वाधार निर्माण गर्न तयार भएको डि.पि.आर स्वीकृत गर्ने र सो को अनुसारको बहुबर्षिय ठेक्का (३ बर्ष) आह्वान गरी सूचना प्रकाशन गर्ने ।

अन्नपूर्ण गाउँकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश

निर्णय नं. ५ :

प्रस्ताव नं. ५ उपर छलफल गर्दा नेपाल पर्यटन बोर्डको ग.प्र.का. ८०/८१/१७, मिति २०८०।१०।२५ गतेको पत्रानुसार नेपाल पर्यटन बोर्डको चालु आ.व. २०८०।८१ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत खैरलेखमा वासस्थल (Shelter) निर्माण गर्न रु ५ लाख, हेलिप्याड निर्माण गर्न (खोप्रा डाँडामा) रु ५ लाख, र पर्यटन प्रवर्द्धनको लागि तालको सौन्दर्यीकरणको लागि रु १० लाख गरि जम्मा २० लाख बजेट विनियोजन भएको जानकारी प्राप्त भयो । उक्त कार्यक्रमको लागि आवश्यक पर्ने Matching Fund रु ५ लाख व्यवस्थापन गरी कार्यन्वयनमा लैजाने व्यवस्था मिलाउने ।

निर्णय नं. ६ :

प्रस्ताव नं ६ मा रहेको जलस्रोत तथा मुहान दर्ता कार्यविधि आगामी कार्यपालिका बैठकमा छलफल गरी स्वीकृत गर्ने ।

निर्णय न. ७ :

प्रस्ताव नं ७ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७५" मा दफा ६ पछि दफा ६(क) थप कार्यविधि संशोधन गरी संशोधन गर्ने र राजपत्रमा प्रकाशन गर्ने ।

६(क) संसोधनको व्यवस्था :

१) आवश्यक कागजात पेश भई संशोधनको लागि निवेदन पेश हुन आएमा तपसिलको अवस्था विद्यमान भएमा इजाजत पत्र संशोधन गर्न सकिनेछ ।

क) कम्पनी/फर्मको ठेगाना परिवर्तन भएमा,

ख) नामसारी भई स्वामित्व परिवर्तन भएमा,

ग) साविक फर्म कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई प्रा. लि कायम भएमा,

घ) अन्य सामान्य थपघट गर्नुपरेमा ।

२) उपदफा १ बमोजिम संशोधन भएमा संशोधनको प्रतिलिपि प्रमाणपत्र जारी गरिनेछ ।

निर्णय नं. ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा गाउँपालिकाको उद्योग, व्यवसाय, दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७५ को दफा १२ मा उपदफा ३, ४ र ५ थप गरी संशोधन गर्ने र राजपत्रमा प्रकाशन गर्ने ।

३) यो कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै नीतिगत, व्यवहारिक वा कार्यसम्पादन सम्बन्धी समस्या आईपरेमा गाँउकार्यपालिकाले बाधा अडकाउ फुकाई कार्य सम्पादन र सहजीकरण गर्न सक्ने छ ।

४) व्यबसाय दर्ता सम्बन्धित वडा कार्यालयमा गरेतापनि व्यबसाय दर्ताको लगत कट्टा वा संसोधन गाउँ कार्यपालिकाको कार्यालयको निर्णय बमोजिम हुनेछ ।

५) खारेजी तथा संसोधन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) खारेजी वा संसोधनका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने ।

ख) खारेजी तथा संसोधनका लागि वडाले गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

ग) गाउँपालिकाले खारेजी/संसोधन गर्दा कसैलाई मर्का पर्ने भए दाबी बिरोध पेश गर्न न्यूनतम ७ दिनको अवधि राखी सार्वजनिक सूचना जारी गर्ने ।

घ) दाबी बिरोध नपरेमा खारेजी वा संसोधन गर्न सकिने ।

ङ) संसोधन भएको हकमा प्रतिलिपि प्रमाणपत्र जारी गर्ने ।

निर्णय न. ९ :

प्रस्ताव नं ९ उपर छलफल गर्दा संघीय सरकारबाट विशेष अनुदानमा निर्माण भइरहेको प्रभा मा.वि.मा भौतिक पूर्वाधार निर्माण भुक्तानीको लागि रकम अभाव भएकाले राष्ट्रिय योजना आयोगबाट प्राप्त भएमा शोधभर्ना हुने गरी 'प्रशासकीय भवन' निर्माण गर्ने बजेटबाट रनिङ बिलबाट उठेको रकम रु ३० लाख भुक्तानी गर्ने ।

निर्णय नं. १० :

प्रस्ताव नं. १० उपर छलफल गर्दा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको माघ महिनाको अनुगमनको सम्बन्धमा गाउँपालिका उपाध्यक्ष दिवा कुमारी तिलिजा पुन ज्यू मार्फत जानकारी प्राप्त भयो ।

निर्णय नं. ११ः

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

क) मिति २०८०।११।२० गते बसेको मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघात विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार बनेको सिफारिस समितिबाट लाभग्राही कायमको लागि सिफारिस भएको वडा न. ३ दानाका हित बहादुर गर्बुजालाई फागुन महिनादेखि लागू हुने गरी नयाँ लाभग्राही कायम गर्ने।

ख) हिमगंगा, ग्रामिण विकास केन्द्र, काठमाण्डौले मिति २०८०।११।१७ ले वडा नं ३ दानामा ३ मा महिला शसक्तिकरण तथा आय आर्जनको लागि लैङ्गिक मैत्री, उद्यम विकास तथा मूल्य श्रखंला कार्यक्रम संचालन गर्न अनुमति प्रदान गर्ने ।

ग) शहरी विकास तथा भवन निर्माण विभाग (सघन शहरी तथा भवन निर्माण आयोजना)को चलानी न. ५९३, मिति २०८०।११।०८ गतेको आ.व. ०८१।०८२ को कार्यक्रम माग सम्बन्धमा यस गाउँपालिकाको डिपिआर स्वीकृत भएको महभिर-दोसल्ले-औलो-रिमा-राम्चे-नागी  लाई पेश गर्ने ।

घ) आगामी आ.व. २०८१।८२ मा गण्डकी प्रदेश सरकारमा पेश गर्ने सशर्त/विशेष, समपुरक आयोजनाको तयारी गरि आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

ङ) घोरेपानी मोटरबाटो निर्माणको लागि पूर्वाधार विकास कार्यालयसंग सहकार्य गरी एकमुष्ट रुपमा कार्यान्वयन गर्ने गरी कार्यपालिकाको मिति २०८०।१०।२३ को बैठकको निर्णय भएकोमा पूर्वाधार विकास कार्यालयबाट हालसम्म सहमति/अख्तियारी प्राप्त नभएकाले बजेट कार्यान्वयनको समय अभाव हुने देखिएकाले गाउँपालिकाबाट विनियोजन विनियोजित रु १२ लाखबाट उपभोक्ता समिति मार्फत मोटरबाटो निर्माण अगाडि बढाउने ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरा, कास्की
गण्डकी प्रदेश, नेपाल
२०७३

भारत कुमार पुन
अध्यक्ष